"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

प्रदेश नं. ३, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :

चलानी नं. :

मिति : २०७६।०५।१०

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

## नमोबुद्ध नगरपालिकाद्वारा ईटा उद्योग विस्थापन सम्बन्धमा मिति २०७६/०५/१० गते जारी प्रेश विज्ञप्ती।

यस नगरपालिकाको वडा नम्बर ०२ र ०३ मा विगतमा संचालित ईटा उद्योगहरुलाई विस्थापन गर्ने सम्बन्धमा नगरपालिका र उद्योगीहरु बीच विभिन्न चरणमा भएको वार्ता, मिति २०७५/०९/२७ गते ईट्टा उद्योगका आधिकारीक प्रतिनिधिहरुबाट पेश भएको प्रतिवद्धता पत्र र मिति २०७५/०९/२८ गते जिल्ला समन्वय समितिको सभाहलमा भएको सम्झौता बमोजिम २०७६ असार मसान्तसम्ममा हाल संचालन भएको स्थानबाट ईटा उद्योग हटाई सक्नु पर्नेमा सम्झौताको बुँदा नम्बर ६ बमोजिम दोश्रो पक्ष अर्थात ईटा उद्योगीहरुले हटाउने प्रकृया सुरु नगरी अटेर गरेकोले नगरपालिकाले पुनः विभिन्न मितिमा ताकेता गर्दा समेत नहटाएकोले नगरपालिका आफैले हटाउनु परेको व्यहोरा सम्बन्धित सबैमा जानकारीको गराउन चाहन्छु । साथै नगरकार्यपालिकाको मिति २०७६/०५/०५ को निर्णय अनुसार सम्झौता बमोजिम नै नगरपालिकाबाट मिति २०७६/०५/०८ र ०९ गते ईटा उद्योग हटाउँदा लागेको सम्पूर्ण खर्च व्यवसायीहरुबाट असुल उपर गरिने र अन्य सबै प्रकारका क्षतिहरुको जिम्मेवार स्वयं व्यवसायीहरु नै हुने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत जानकारी गराईन्छ। साथै नगरपालिकाबाट सम्झौता कार्यान्वयन गर्ने क्रममा आवश्यक सहयोग तथा समन्वय गर्नुहुने गृह मन्त्रालय, उद्योग वाणीज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार, जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोक, उद्योग विभाग, वातावरण विभाग, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोक, जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक र अन्तर्गतका सुरक्षा निकायहरु, सशस्त्र प्रहरी बल पाँचखाल, नमोबुद्ध नगरपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरु एवम् कर्मचारीहरु, घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलाञ्चोक, विभिन्न राजनीतिक दलहरु, नागरिक समाज, कृषक, सम्पूर्ण नगरबासी, मेशिनरी उपकरण उपलब्ध गराउने संस्थाहरु, सम्पूर्ण संचारकर्मीहरु, ईटा उद्योग व्यवसायीहरु लगायत सम्पूर्ण शुभ-चिन्तक तथा सहयोगीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

टंक प्रसाद शर्मा
नगर प्रमुख
तथा
सम्पूर्ण नगरपालिका परिवार

२०७६ साल भाद्र १० गते मंगलबार